

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



**गर्मी मौसममा सङ्क्रामक रोगबाट बचौं र बचाऔं ।**

- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न सङ्क्रामक रोगहरू फैलिन सक्छन् ।
- सङ्क्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं ।
- सङ्क्रामक रोगबाट बचन शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**



❖ वर्ष ३५ ❖ २०७९ वैशाख ०४ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 April 17 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २२८


## जगरनाथपुरमा चुनावी चहलपहल बढ्दो

प्रस, सेढवा, ३ वैशाख /

यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि पर्साको जगरनाथपुर गाउँपालिकामा चुनावी चहलपहल बढेको छ ।

यस पालिकामा अध्यक्ष पदका लागि नेकपा एमालेका तर्फबाट वर्तमान अध्यक्ष जालिम मियाँका भाई महमद सलिम मन्सुरीको नाम चर्चामा छ ।

अध्यक्ष पदका लागि जसपाबाट कृष्णमोहन यादव र नेपाली काङ्ग्रेसबाट श्रीकान्त यादवको नाम चर्चामा छ ।

यी दुईजना गत वर्षको निर्वाचनमा पराजित भएका थिए र नेकपा माओवादी केन्द्रबाट जालिम मियाँ अध्यक्ष पदमा निर्वाचित भएका थिए। उनी दुई महीनाअघि मात्र एमालेमा प्रवेश गरेका थिए ।

उपाध्यक्षका लागि नेकपा एमालेले दलित समुदायबाट मीनादेवी राम चमारको नाम चर्चामा ल्याएको छ भने जसपाबाट उपाध्यक्षका लागि जलेखा खातुनको नाम चर्चामा छ। खातुन मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गद्दीकी पत्नी हुन् । त्यस्तै, नेकाबाट उपाध्यक्षका लागि तीनजना अम्ब्या खातुन, नैनूल नेशा र रीता सिंह क्षत्रीको नाम चर्चामा छ ।

नेकपा एमालेका तर्फबाट वडाध्यक्षका लागि क्रमशः मङ्गरू राउत गद्दी, समसुल मियाँ मन्सुरी, मदिस राउत गद्दी, प्रभुप्रसाद नुनिया, बच्चु साह तेली र अयोध्या पटेलको नाम चर्चामा छ भने नेपाली काङ्ग्रेसबाट वडाध्यक्षमा लक्ष्मी साह, नेपाली कुशवाहा, सुभाष यादव, दीपेन्द्र चौहान, बिहारी महतो नुनिया र लक्ष्मणप्रसाद कुर्मीको नाम चर्चामा छ।

जसपाबाट वडाध्यक्षमा गोरा महतो थारू, अवधेश पटेल, नगिनाप्रसाद यादव, दीपेन्द्रप्रसाद चौधरी, उपेन्द्रकुमार बिनको नाम चर्चामा छ ।



महम्मद सलिम मन्सुर, श्रीकान्त यादव र कृष्णमोहन यादव । तस्वीरः ओमप्रकाश चौधरी

## बालबालिकालाई टाइफाइडविरुद्ध खोप लगाइने

प्रस, परवानीपुर, ३ वैशाख/

वीरगंज-२५ श्रीसियामा आगामी वैशाख ५ देखि १२ गतेसम्म १९ सय बालबालिकालाई टाइफाइडविरुद्धको खोप लगाउने तयारी भएको छ ।

स्वास्थ्य चौकी श्रीसियाद्वारा आयोजित एक दिने वडा खोप समन्वय समिति एवं सञ्चारकर्मीहरूसँग अभिमुखीकरण कार्यक्रम अन्तर्गत वडास्तरमा खोप कार्यक्रमको उपादेयता र रणनीतिबारे जानकारी गराइएको थियो ।

स्वास्थ्य चौकी प्रमुख शत्रुघ्न यादवले सहभागीहरूलाई जानकारी गराउँदै १५ महीनादेखि १५ वर्षमुनिका करीब १९ सय बालबालिकालाई टाइफाइड खोप अभियान अन्तर्गत एक साता दैनिक २०० जनाभन्दा बढीलाई खोप लगाउने कार्यक्रम रहेको उनले बताए ।

वडामा तीनवटा कक्षा ५ सम्म चल्ने सरकारी आधारभूत विद्यालय, तीनवटा निजी विद्यालय र विद्यालय बाहिर अर्थात ड्रप आउट भएका बालबालिकालाई समेत खोप लगाइने तयारी भइरहेको छ ।

टाइफाइड वर्षायाममा दूषित पानी तथा खानेकुरा खाएपछि सर्ने सरुवा एवं खतरनाक रोग हो । यो रोग लागेपछि एकजनाको उपचारमा करीब रु पाँच हजार खर्च हुने हुँदा विश्व स्वास्थ्य सङ्गठनको सहयोगमा नेपाल सरकारले टाइफाइड उन्मूलनको लागि यो अभियान चलाइरहेको छ ।

बर्सेनि विश्वमा टाइफाइडबाट करीब दुई करोड मानिस रोगी हुँदा करीब १ करोड ६१ जनाको उपचार नपाएर मृत्यु हुने गरेको छ। नेपालमा टाइफाइडबाट मृत्यु हुनेको प्रतिशत करीब दुई मात्रै रहेकोले यो रोग उन्मूलन सरकारको लक्ष्य रहेको स्वास्थ्य चौकीका वरिष्ठ अहेब ताराचन्द्रप्रसाद यादवले जानकारी गराए।




तस्वीरः प्रतीक

## वीरगंज र पोखरियामा १२० जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ३ वैशाख/

पर्सा जिल्लाका वीरगंज महानगर र पोखरिया नगरपालिकामा शनिवार भएको रक्तदान कार्यक्रममा १२० जनाले रक्तदान गरेका छन् ।

दुर्गा पूजा सेवा समिति, रानीघाटले १७औं पटक आयोजना गरेको खुला रक्तदानमा सन्दीप थारू, शारदा गुप्ता, विकास वर्णवाल, विजय सहनी, विकास साह, रितेश सुवेदी, सज्जन चौधरीलगायत ५० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

यसैगरी, रूँगटा वेलफेयर सोसाइटीले नगर सभागृहमा आयोजना गरेको रक्तदान कार्यक्रममा वसुन्धरा, रोहित अग्रवाल, नारायण रूँगटा, अञ्जनी खेतान, उज्ज्वल रूँगटा, अभिषेक श्रीवास्तवलगायत ३४ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए ।

*प्रस, पोखरिया/*

बाल उत्थान इङ्गलिश बोर्डिङ स्कूल, पोखरिया-४ द्वारा आयोजित रक्तदान कार्यक्रममा एकजना महिलासहित ३६ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए।

सन्तोष पटेल, प्रियङ्का रौनियार, धर्मेन्द्र चौरसिया, नीरज चौहान, बृजकिशोर यादव, मनोज साहलगायतले रक्तदान गरेका थिए ।

प्रदीप यादवको अध्यक्षतामा भएको रक्तदान कार्यक्रमको उद्घाटन नगरप्रमुख दीपनारायण रौनियारले गरेका थिए ।




तस्वीरः प्रतीक

## रूँगटा वेलफेयर सोसाइटीद्वारा श्रीराम कथा प्रवचन

प्रस, परवानीपुर, ३ वैशाख/

रूँगटा वेलफेयर सोसाइटी, वीरगंजको आयोजनामा नौ दिने श्रीराम कथा प्रवचन शुरू भएको छ । नगर सभागृहमा आयोजित कार्यक्रममा भारतीय सन्त विजय कौशलजी महाराजको समूहले श्रीराम कथा वाचन तथा प्रवचन गरिरहेको छ ।

अप्रिल १२ देखि २० तारिखसम्म चल्ने प्रवचन कार्यक्रम अपराह्न ४ देखि साँझ ७ बजेसम्म आयोजना भइरहेको छ। प्रवचन समारोहको उद्घाटन मधेस प्रदेशका खानेपानी तथा ऊर्जा मन्त्री ओमप्रकाश शर्माले गरेका थिए ।

वृन्दावन निवासी सन्त कौशलजी महाराज यसअघि पाँच वर्ष पहिला सन् २०१७ मा वीरगंजमा रूँगटा वेलफेयर सोसाइटीकै आयोजनामा अदर्शनगरमा भएको कथा प्रवचन कार्यक्रमको लागि आएका थिए ।

त्यसैगरी, २० वर्षअघि पनि उनी नेपाल आएका थिए। कौशलजीले पुरानो सम्बन्धको अधारमा यस वर्ष प्रवचनको लागि समय दिएको आयोजक संस्थाका सुरेश रूँगटा बताउँछन् । उनको कथा प्रवचनमा दैनिक ७-८ सयजना श्रद्धालु भक्तजनको सहभागिता हुने गरेको रूँगटाले बताए।

कथा प्रवचनपश्चात् दैनिक प्रसाद वितरण पनि भइरहेको छ। कार्यक्रममा संस्थाका अध्यक्ष मुरलीधर रूँगटा, वीरगंजका प्रमुख विजयकुमार सरावगी, वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष हरि गौतमलगायतको सहभागिता थियो ।



तस्वीरः प्रतीक

## हनुमान जयन्ती भव्यताका साथ मनाइयो

प्रस, वीरगंज, ३ वैशाख/

वीरगंजमा हनुमान जयन्ती भव्यताका साथ मनाइएको छ ।

शनिवार दिउँसो महानगरका विभिन्न टोलबाट बाजागाजा, झाँकीसहित जय श्रीरामको नारा लगाएर भक्तजनहरू वीरगंजको घण्टाघरमा एकीकृत भएका थिए । त्यहाँबाट र्‍याली निकालेर वीरगंज भन्सार पुगी पुनः घण्टाघरमा र्‍याली विसर्जन भएको थियो । र्‍यालीमा नगरप्रमुख विजयकुमार सरावगीलगायतको सहभागिता थियो ।



तस्वीरः प्रतीक

## फुसको घरमा आगलागी

प्रस, पंचगावाँ, ३ वैशाख/

पटेर्वासुगौली गापा-४ नयाँ टोल पथलहवाघाटस्थित हरि चौधरी मलाहाको घरमा आगलागी भएको छ ।

शुक्रवार मध्यरातमा आगलागी भएको र घर जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

दुईवटा फुसको घर जलेको र त्यहाँ रहेका खाद्यान्न, लत्ताकपडा, गहना, नगद गरी तीन लाख रुपैयाँको क्षति भएको प्रहरीले जनाएको छ ।



आगलागीबाट जलेर नष्ट भएको मलाहाको घर । तस्वीरः प्रमोद यादव

## विचारसार र सूक्तिहरू

**महान् व्यक्तिले न कसैको अपमान गर्छ, न कसैको अपमान सहन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# केटाकेटीलाई संस्कारवान् बनाउँ

प्रत्येक व्यक्ति सुखको खोजीमा रहन्छ। कोही पनि दुःखी हुन चाहँदैन, अपितु सबै सुखी नै बन्न चाहन्छन्। एकल पारिवारीय युगमा जीवनयापनको शैली यस्तो भएको छ कि मानिसको घरमा नकारात्मकताले प्रवेश गरिसकेको छ ।

घरपरिवारको सुखी जीवनका लागि एवं नकारात्मक प्रभाव हटाउनका लागि केही व्यावहारिक बुँदामा विचार गर्नु आवश्यक देखिन्छ । यी बुँदा अनुसार चल्दा हामी स्वयम् एवं केटाकेटीहरूलाई भ्याउनेछैनन् कि उनका बालबालिकामा यस्तो बानी कहाँबाट सऱ्यो । अतः बालपनदेखि नै केटाकेटीमा असल बानी बसाल्नुपर्छ; किनकि धेरैजसो अनुचित बानीको जन्मदाता आमाबुबा नै प्रेमवश बन्न पुग्दछन् ।

मध्यमवर्गीय परिवारका मानिसले आफ्नो रहनसहनलाई प्रतिष्ठाको विषय नबनाएर प्रतिस्पर्धा, अहङ्कारलाई आफूभन्दा टाढा राख्नुपर्छ । पैसाको मूल्यको महत्त्व सधैं ध्यानमा राख्नुपर्छ।

**वर्तमानमा केटाकेटीहरूमा प्रखरताको स्थानमा मलिनताले प्रश्रय पाइरहेको छ । जसले उनीहरूको बुद्धिमा नकारात्मक प्रभाव पारिरहेको छ । आफ्नो घरलाई नकारात्मकताको प्रभावबाट जोगाउनका लागि मानिसले सात्त्विकताका साथ धार्मिकताको वातावरण बनाउनुपर्छ ।**

नकारात्मकता, विसङ्गति एवं विकृतिहरूबाट टाढा राख्न सक्छौं ।

प्रत्येक घरपरिवारको आफ्नो संस्कृति, मर्यादा एवं परम्परा हुन्छ । त्यसैअनुरूप संस्कार पीढी दर पीढी आनुवांशिकरूपले प्राप्त भइरहन्छ। घरका पूर्वज, ठूला-बडा, मातापिता आदिका संस्कार अलग-अलग हुन्छन्, जुन हामी र हाम्रा केटाकेटीमा अनुवांशिकरूपले आउने गर्दछ ।

मातापिताहरूले आफ्ना बच्चालाई सानैदेखि राम्रा संस्कार दिएर तथा राम्रा कुरा बताएर उनीहरूको पालनपोषण गर्नुपर्छ, तर उनीहरूलाई नकारात्मकताबाट जोगाउनका लागि यो पनि आवश्यक छ कि उनीहरूलाई धनको मूल्य सम्झाएर गरीबी वा मध्यम वर्गीय जीवनको अनुभूति गराइयोस्, जसले उनीहरू अहङ्कारग्रस्त नबनून्; किनकि अहङ्कारमा नकारात्मक भावना भरिएको हुन्छ ।

आरम्भदेखि नै केटाकेटीहरूलाई सादा जीवन-उच्च विचारको पाठ पढाउँदै, नैतिक शिक्षायुक्त शिक्षा दिनुपर्छ। घरको वातावरणलाई केटाकेटीसमक्ष सकारात्मकता र उत्साहले भर्नका लागि आमाबुबा स्वयम्ले आफ्नो जीवन अनुशासित बनाएर आदर्श जीवनको उदाहरण प्रस्तुत गर्नुपर्छ ।

कुनै देश, राज्य, स्थान, अञ्चलको संस्कृति अँगाल्नु नराम्रो होइन-त्यसलाई वसुधैव कुटुम्बकम्को भावना अँगाल्न सकिन्छ, तर आफ्नो घरपरिवारको संस्कृति बिर्सनु पनि उचित होइन । सबै संस्कृतिका असल भाव लिएर त्यसलाई आफ्नो बनाउने प्रयास हुनुपर्छ । अचेल प्रत्येक परिवार पाश्चात्य संस्कृतिमा रङ्गमङ्गिएको छ, तर त्यसको पनि असल कुरा ग्रहण गरेर त्यसमा आफ्नो संस्कृति अनुसार अँगाल्ने चेष्टा गर्नुपर्छ। त्यसैमा भिज्नु चाहिं हुँदैन ।

सुखद भविष्य भोग्नका लागि, आरम्भदेखि नै केटाकेटीमा त्यो बानी बसाल्नुपर्छ, जुन आफ्नो घरपरिवार अनुकूल छ, जसले हामीले भविष्यमा पछुतो गर्नु नपरोस् । बालपनमा जस्तो लालनपालन हुन्छ-त्यस्तै परिणाम केटाकेटीहरू ठूला भएपछि हामीले पाउँछौं। जस्तो रोप्छौं, त्यस्तै फल पाउँछौं।

आमाबुबाले पछि सोचन पनि हाम्रो सानोसानो बानीको पनि निश्चितरूपले केटाकेटीहरूमा प्रभाव पर्दछ। केटाकेटी त जस्तो देख्छन्, त्यस्तै गर्छन् । उनीहरू नराम्रो बानी छिट्टै सिक्छन्। अतः आमाबुबाले पहिले स्वयम्ले आदर्श जीवन अङ्गीकार गर्नुपर्छ । अनि मात्र केटाकेटीहरू नकारात्मकताबाट जोगिन सक्छन् ।

हामी सामाजिक प्राणी भएकाले समाजसँग विलग हुन सक्दैनौं । असल वा कमसल-हामी घरबाहेक समाजबाट देखेर वा सुनेर सिक्दछौं । यसैगरी, केटाकेटीहरू पनि जहाँ उनीहरू पढ्छन्, रहन्छन्, त्यहाँको वातावरणबाट अछूतो रहन सक्दैनन्। बाहिरको वातावरणको नकारात्मकताबाट केटाकेटीहरूलाई जोगाउने प्रयास आमाबुबाले अवश्य गरिरहनुपर्छ तथा गलत आनीबानी रोक्ने-बुझाउने गर्नुपर्छ। दुर्भाग्यवश अचेल धेरै आमाबुबा आफ्नो केटाकेटीको नकारात्मक बानी देखेर पनि खुशी हुन्छन्। तर जब उनीहरूमा नराम्रो बानी हुर्कन थाल्छ अनि पछुतो गर्छन्। केटाकेटीहरूको गलत गतिविधिमा हामीले उनीहरूलाई कुट्नु-पिट्नु चाहिं हुँदैन, अपितु भावनात्मक दृष्टिले सम्झाइबुझाइ गर्नुपर्छ। के ध्यान राख्नुपर्छ भने कुटपिट, शारीरिक दण्ड आदिको परिणाम दुष्कर हुन सक्छ ।

अचेल पाश्चात्य संस्कृतिको खानपान, पिज्जा, बर्गर, चाउमिन, चाइनिज, इटालियन आदि व्यञ्जनबाट ग्रसित हुनु घरघरको कथा बनिसकेको छ। दोस्रोतर्फ हामी सात्त्विक भोजनबाट टाढा हुँदै गइरहेका छौं । परिणामस्वरूप हामी र हाम्रो बुद्धि-विवेकको प्रखरतामा आएको कमीलाई हामी महसूस गर्न सक्दछौं । तात्पर्य यही हो कि पश्चिमा सभ्यताको भोजनले हामीलाई सात्त्विकताबाट तामसिक प्रवृत्तितर्फ तानिरहेको छ । अचेलका जङ्क फूड आदिले हाम्रा केटाकेटीहरूको बुद्धिमा नकारात्मक प्रभाव पारिरहेको छ ।

वर्तमानमा केटाकेटीहरूमा प्रखरताको स्थानमा मलिनताले प्रश्रय पाइरहेको छ। जसले उनीहरूको बुद्धिमा नकारात्मक प्रभाव पारिरहेको छ। आफ्नो घरलाई नकारात्मकताको प्रभावबाट जोगाउनका लागि मानिसले सात्त्विकताका साथ धार्मिकताको वातावरण बनाउनुपर्छ ।

# पुटिनको आर्थिक अपराध

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**केवल आफ्नो उच्च महत्त्वाकाङ्क्षा पूरा गर्नका लागि पुटिनले जस्तोसुकै अपराध गर्न बाँकी राखेका छैनन् । रूसमा नै पनि रूस-युक्रेन युद्धको नराम्रो असर देखिन थालेको छ । रूसको आर्थिक स्थिति पनि सङ्कटग्रस्त हुन थालेको छ । रूस पनि विश्व अर्थव्यवस्थाको एक अङ्ग हो ।**

रूसी राष्ट्रपति भ्लादिमीर पुटिन केवल हत्यारा मात्र होइनन्, उनी ठूला आर्थिक अपराधी पनि हुन् । उनको स्वेच्छाचारी एवं अराजक क्रियाकलापले गर्दा विश्व अर्थव्यवस्था अहिले ज्यादै सङ्कटग्रस्त हुन पुगेको छ। खासगरी गरीब राष्ट्रहरूको आर्थिक स्थिति झनै नाजुक हुने अवस्था उत्पन्न भएको छ ।

पुटिनका सेनाहरूले अहिले युक्रेनमा ठूलो र बर्बर किसिमले नरसंहार गरिरहेका छन्। रूसी सेनाहरूले युक्रेनमा अहिले हृदयहीन भएर क्षेप्यास्त्र र बमका वर्षा गरिरहेका छन्। अहिलेसम्ममा २० हजारभन्दा बढी युक्रेनीको ज्यान गइसकेको छ भने लाखौंका सङ्ख्यामा व्यक्तिहरू घाइते भएका छन्। कसैको हात छैन भने कसैको खुट्टा छैन। कोही जीवनभरका लागि अन्धा भएका छन्। बालकहरूसमेतको पनि हत्या गर्न बाँकी राखेका छैनन्, पुटिनका सेनाहरूले । आवासीय भवन त के अस्पतालसमेतमा पनि उनीहरूले बम वर्षा गरिरहेका छन्। त्यतिमात्र कहाँ हो र पुटिनका सेनाहरूले युक्रेनमा ठूलो सन्त्रास फैलाउनका लागि युक्रेनी महिला र युवतीहरूको सामूहिक बलात्कारसमेत पनि गरिरहेका छन्। रूसी सेनाहरूको ती कार्यहरू युक्रेनी समाचारमाध्यम एवं पश्चिमी सञ्चारजगत्ले भनेको आधारमा यी कुराहरू भनिएको होइन। हालसम्म एक किसिमले तटस्थ बसेको देखिए पनि आफ्नो आर्थिक फाइदाका लागि रूसको नजीक हुन पुगेको भारतका पत्रकारहरूले भनेको आधारमा यी कुराहरू भनिएको हो । भारतीय पत्रकारहरूले आफूहरूले आफ्नो आँखाले रूसी सेनाहरूले बलात्कार गरेका युक्रेनी महिलाहरूसँग भेट गरेको भनी समाचारहरूमा उल्लेख गरेका छन्। यसबाहेक भारतीय पत्रकारहरूले युद्धपीडित अनेकौं युक्रेनीहरूलाई भेटेको र उनीहरूसँग अन्तर्वार्ता लिएकोसमेत उल्लेख गरेका छन्।

राष्ट्रको लागि होइन केवल आफ्नो सत्ता लम्ब्याउनका लागि पुटिनले गरेको यो मानवताविरोधी एवं युद्ध अपराधका लागि उनी एक दिन अवश्य पनि अन्तर्राष्ट्रिय अदालतमा खडा हुनेछन् र स्लोभोदान मेलोसोभिचझैं सजाय भोग्नेछन्। पापले एक दिन अवश्य पनि धुरीबाट कराउनेछ ।

पुटिनकै भनाइ 'रूसलाई घेराबन्दीमा पार्न नाटोले युक्रेनलाई उपयोग गरेको र युक्रेनले नाटोको कुरा नमानेर रूसलाई सहयोग गर्नुको सट्टा उल्टो नाटोको बुई चढेर रूसलाई तर्साउन खोजेको'लाई पत्याउने हो भने पनि युक्रेनका राष्ट्रपतिलाई रूसको पक्षमा ल्याउने अन्य विभिन्न कूटनीतिक तरीकाहरू थिए। तर ती तरीकाहरूको प्रयोग गर्नुको साटो आफ्नो सत्ता लम्ब्याउन र रूसभित्र आफू राष्ट्रवादको नाममा लोकप्रिय हुन पुटिनले युक्रेनमाथि सैनिक कारबाही गर्नुलाई एक अति सुवर्ण अवसरको रूपमा देखे। युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले पुटिनको आग्रहलाई बेवास्ता गरेको परिणामस्वरूप लाखौं युक्रेनीको हत्या गर्नु कुनै पनि दृष्टिकोणबाट उचित देखिंदैन। त्यस कारण युक्रेनमाथि रूसले गरेको आक्रमणका लागि रूस होइन मात्र पुटिनलाई जिम्मेवार ठहर गरेर इतिहासले उनीलाई मानवताविरोधी अपराधीको रूपमा प्रस्तुत गर्नेछ । युद्ध अपराधी ठहर गर्नेछ ।

तर यस आलेखमा भने हामी पुटिनको राजनीतिक होइन, आर्थिक अपराधबारे चर्चा गर्नेछौं। उनको यो दुष्कार्यले विश्व अर्थव्यवस्थालाई कसरी ठूलो खाडलमा खसाउँदै छ, त्यसबारे चर्चा गर्नेछौं।

पुटिनको आर्थिक अपराधलाई बुझ्न वर्तमान विश्व अर्थव्यवस्थाको प्रकृति र स्वरूप बुझ्न आवश्यक रहेकाले आउनुहोस् सर्वप्रथम त्यसलाई बुझौं।

वर्तमान विश्व अर्थव्यवस्था १९ र २०औं शताब्दीको जस्तो छैन। वर्तमान विश्व अर्थव्यवस्थाको प्रकृति एवं स्वरूप भिन्न र विशेष किसिमको छ। वर्तमान विश्व अर्थव्यवस्थामा प्रत्येक राष्ट्र विश्व अर्थव्यवस्थासँग अनिवार्य किसिमले जोडिनुपरेको छ। किन र कसरी ?

वर्तमान विश्व अर्थव्यवस्थामा संसारका कुनै पनि राष्ट्रले आफ्नो देशलाई आवश्यक पर्ने सम्पूर्ण वस्तु एवं सेवाहरू उत्पादन आफू स्वयम्ले नै गर्दैन। अमेरिका, जापान, फ्रान्स, जर्मनी जस्ता धनी राष्ट्रहरूले पनि गर्दैनन्।

वर्तमान विश्व अर्थव्यवस्थामा कुनै पनि राष्ट्रले आफ्नो देशमा उत्पादन गर्दा सस्तोमा उत्पादन गर्न सकिने वस्तुहरू मात्र उत्पादन गर्छन् र ती वस्तुहरूलाई महँगोमा बिक्री हुन सक्ने राष्ट्रहरूमा लगेर बिक्री गर्छन्। यसैगरी, कुनै पनि राष्ट्रले आफ्नो देशमा उत्पादन गर्दा महँगोमा उत्पादन हुने वस्तु आफ्नो देशमा उत्पादन गर्दैनन् र त्यो वस्तु अन्य राष्ट्रहरूबाट जहाँ सस्तोमा खरीद गर्न सकिन्छ, त्यहाँबाट सस्तोमा खरीद गर्दछन्। बुझ्न सजिलोको लागि यहाँ एउटा उदाहरण प्रस्तुत गर्दछु। अमेरिकाले संसारभरिमा नै सस्तोमा भटमास उत्पादन गर्दछ र आफ्नो देशमा उत्पादित भटमास महँगोमा विभिन्न राष्ट्रहरूलाई बिक्री गर्छ। खासगरी चीनलाई ठूलो परिमाणमा भटमास बिक्री गर्छ। त्यही अमेरिकाले फेरि ठूलो परिमाणमा तयारी लुगाहरू सस्तोमा चीनबाट खरीद गर्छ। अमेरिकाले आफ्नो देशभित्र ती तयारी लुगाहरू उत्पादन गर्ने हो भने उत्पादन लागत चर्को हुन पुग्छ । त्यस कारण अमेरिकालाई चीनबाट लुगाफाटो आयात गर्नु सस्तो हुन पुग्छ अनि चीनबाट आयात गर्छ ।

आफ्नो देशभित्र उत्पादन गर्दा सस्तोमा उत्पादन हुने वस्तुहरू मात्र उत्पादन गर्ने र महँगो हुने वस्तुहरू आयात गर्ने । यसैगरी, आफ्नो देशमा सस्तोमा उत्पादन गर्न सकिएका वस्तुहरू विश्व बजारमा महँगोमा बिक्री गर्ने सामान्य सिद्धान्तमा रहेर अहिले संसारका लगभग सम्पूर्ण राष्ट्रले कार्य गरिरहेका छन्। यो कारणले गर्दा अहिले संसारका प्रत्येक राष्ट्र अन्तर्राष्ट्रिय अर्थव्यवस्थामा आबद्ध हुनुपरेको छ । परिमाणस्वरूप अहिले विश्वका प्रत्येक राष्ट्र अन्य राष्ट्रहरूमा निर्विकल्परूपमा आश्रित हुनुपरेको छ, जर्मनी ऊर्जाका लागि रूसमाथि आश्रित भएझैं। रूसबाट अहिले जर्मनीले ऊर्जा आयात नगर्ने हो भने जर्मनीको व्यापार र उद्योग अति प्रभावित भएर, उत्पादनमा ह्रास आएर, जर्मनीमा ठूलो बेरोजगारी हुने स्थिति उत्पन्न हुन सक्छ। त्यस कारण जर्मनीले नचाहँदा नचाहँदै पनि रूसबाट ऊर्जा आयात गर्नुपर्ने बाध्यात्मक स्थिति छ।

पुटिनले युक्रेनमाथि हमला गरेर व्यापारको क्षेत्रमा रहेका विभिन्न राष्ट्रहरूको अन्तरनिर्भरतालाई नराम्ररी भत्काइदिएको छ। युक्रेनमाथि गरिएको हमलाले विश्वभरिमा तेल (पेट्रोलियम पदार्थ)को मूल्यवृद्धि मात्र गरेको छैन साथै तेलको आपूर्तिलाई अति अनिश्चितसमेत पारिदिएको छ। यो कारणले गर्दा पनि नेपालमा तेलको भाउमा वृद्धि भएको हो र यो युद्ध जारी रहेमा तेलको भाउ झनै आकाशिनेछ। त्यस कारण नेपालमा पेट्रोल, डिजेलको मूल्य बढेकोमा नेपाली जनताले नेपाल सरकारको विरोध गर्नुको साटो रूसी दूतावासमा गएर पुटिनको आर्थिक अपराधको विरोध गरे बेस हुनेछ।

युक्रेनमाथि रूसी आक्रमणले गर्दा अमेरिका जस्तो विश्वको सर्वाधिक धनी राष्ट्रको पनि आर्थिक स्थिति समस्याग्रस्त हुन पुगेको छ । अमेरिकामा चालीस वर्षयता सर्वाधिक मुद्रास्फीति हुन पुगेको छ । अमेरिकामा अहिले विभिन्न उपभोक्ता वस्तुहरूको मूल्य १० देखि १५ प्रतिशतले वृद्धि भएको छ। अमेरिकाले ठूलो परिमाणमा युक्रेनबाट विभिन्न सामग्रीहरू आयात गर्दछ । युक्रेनबाट अमेरिकामा हुने आयात व्यवस्था यो युद्धले गर्दा अनिश्चित हुन पुगेको छ ।

युक्रेनले ठूलो परिमाणमा खाद्यान्न युरोपका विभिन्न मुलुकहरूलाई निर्यात गर्दछ। अहिले युक्रेन युद्धरत हुन पुगेकोले उसको निर्यात व्यवस्था नराम्ररी प्रभावित हुन पुगेको छ र परिणामस्वरूप विभिन्न देशहरूमा सामानहरूको अभाव हुन पुगेको छ ।

सजिलै सबैले बुझ्न सक्ने किसिमले भन्ने हो भने शान्त रहेको तलाउ (विश्व अर्थव्यवस्था)मा अर्थ न बर्थसँग पुटिनले ठूलो ढुङ्गा प्रहार गरेर हलचल (भताभुङ्ग) उत्पन्न गराइदिएका छन्। विश्व अर्थव्यवस्था अनिश्चित पारिदिएका छन्। र यो अनिश्चितताले गर्दा सर्वाधिक पीडित भने गरीब देशका नागरिकहरू हुनेछन्। गरीब देशका नागरिकहरू कोभिड-१९ को कुप्रभावको चपेटामा त थिए नै, अब पुटिनको दुष्कर्मको चपेटामा पर्नेछन्। संसारभरिका गरीबहरूको आर्थिक स्थिति झनै नाजुक हुनेछ।

संसारभरिका गरीब नागरिकहरूलाई पुटिनले आफ्नो दुष्कर्मले सताएका हुनाले नै यिनलाई आर्थिक अपराधी भन्नुपरेको हो ।

धनी राष्ट्रहरूले आफ्ना अन्य विभिन्न स्रोतहरूको प्रयोग गरेर भएपनि आफ्ना देशका नागरिकहरूलाई आर्थिक सहयोग गर्नेछन् तर गरीब देशहरूलाई आफ्ना गरीब नागरिकहरूलाई आर्थिक सहयोग गर्न कठिन हुनेछ। विश्वमा गरीबी झन बढ्नेछ । यो कारणले गर्दा पनि पुटिनलाई आर्थिक अपराध गर्नबाट रोक्न अति आवश्यक छ ।

केवल आफ्नो उच्च महत्त्वाकाङ्क्षा पूरा गर्नका लागि पुटिनले जस्तोसुकै अपराध गर्न बाँकी राखेका छैनन्। रूसमा नै पनि रूस-युक्रेन युद्धको नराम्रो असर देखिन थालेको छ। रूसको आर्थिक स्थिति पनि सङ्कटग्रस्त हुन थालेको छ । रूस पनि विश्व अर्थव्यवस्थाको एक अङ्ग हो। रूसले ठूलो परिमाणमा विश्वका अनेक राष्ट्रहरूलाई ऊर्जा बिक्री गर्दछ।

रूसको सञ्चारमाध्यम पुटिन नियन्त्रित भएकोले रूसको अर्थतन्त्रमा यो युद्धले पारेको असरको ठीकठीक जानकारी प्राप्त हुन सकेको छैन। तर जानकारहरू भन्छन्- रूसको आर्थिक स्थिति पनि सङ्कटनजीक पुग्दैछ । यो तथ्यको आधारमा पनि, रूसी जनताको लागि पनि, पुटिन एक आर्थिक अपराधी हुन्।

# गीत, सङ्गीतमार्फत स्थानीय तहको निर्वाचनको वातावरण बनाउँदै कलाकार

काठमाडौं, ३ वैशाख/रासस

'सुन्छु हल्ला फेरि पनि चुनाव आउँदैछ रे
लेखाजोखा राख्नुपर्छ आवश्यकता परे
अरू त के भनौं, हाम्रालाई होइन,
राम्रालाई रोजौं जनता आफैं सचेत बनौं...'

यही वैशाख ३० गतेका लागि निर्धारण भएको स्थानीय तहको निर्वाचनलाई केन्द्रमा राखेर प्रमुख राजनीतिक दलले प्रचारप्रसार तीव्र पारेका छन् । नेपालको संविधान जारी भएपछि दोस्रोपटक हुन लागेको स्थानीय तहको निर्वाचन आफैंमा महत्त्वपूर्ण राष्ट्रिय अभियान पनि हो। त्यही राष्ट्रिय अभियानलाई केन्द्रमा राखेर गीत-सङ्गीतका माध्यमबाट पनि जनतालाई आकर्षित गर्ने क्रम शुरू भएको छ ।

निर्वाचन घोषणा भएपछि लोकप्रिय कलाकार बद्री पङ्नेनी, विष्णु खत्री, सागर विरही, अस्मिता डल्लाकोटी र यामप्रसाद निहुरेलगायतको सहकार्यमा माथिको गीत सार्वजनिक गरिएको हो । सो गीतमा निर्वाचनमा हाम्रालाई नभई राम्रालाई रोजेर आफ्नो गाउँठाउँको विकासमा केन्द्रित हुन आह्वान गरिएको छ ।

गीतमा योग्य उम्मेदवारलाई मतदान गर्न अनुरोध मात्रै गरिएको छैन, 'हाम्रालाई होइन, राम्रालाई रोजौं, आफैं सचेत बनौं' भनेर मतदातालाई अनुरोधसमेत गरिएको छ । स्थानीय सरकार जनताको घरदैलोको सरकार पनि भएकोले योग्य र सक्षम उम्मेदवारलाई मतदान गरे मात्रै आफ्नो गाउँठाउँको विकास हुन्छ र समृद्धि आउँछ भन्ने चेतना गीत-सङ्गीतका माध्यमबाट फैलाउन खोजिएको छ ।

त्यसो त निर्वाचनलाई केन्द्रमा राखेर

(बाँकी तेस्रो पातामा)



लाउड स्पीकरबाट चुनावी प्रचार गरिँदै । तस्वीरः फाइल

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## हतियारलाई महत्त्व नदिइएको उत्तर कोरियाका संस्थापकको जन्मजयन्ती

सिओल, ३ वैशाख/एएफपी

उत्तर कोरियाले सैन्य परेडविना शनिवार उत्तर कोरियाका संस्थापक किम इल सुङको जन्मजयन्ती मनाएको छ।

उत्तर कोरियाली नेता किम जोङ उनले देशका संस्थापक नेताको जन्मदिन मनाउन आयोजित भव्य सार्वजनिक समारोहको निरीक्षण गरेको राज्य सञ्चालित सञ्चारमाध्यममा सम्प्रेषित तस्बिरले शनिवार देखाएका थिए । अमेरिका र युरोप र अन्य कतिपय मुलुकले सैनिक शक्तिको प्रतीक्षित प्रदर्शनविना बित्नुलाई आश्चर्यको रूपमा लिएका छन् ।

यो वार्षिकोत्सव अनुमान गरेभन्दा शान्तिपूर्ण तर भव्य भएको उनीहरूको भनाइ छ । आणविक हतियार सम्पन्न यस देशमा 'सूर्य दिवस' भनेर चिनिने, वर्तमान नेता किम जोङ उनका हजुरबुबा स्व किम इल सुङको अप्रिल १५ को जन्मोत्सव प्योङयाङको राजनीतिक पात्रोमा सबैभन्दा महत्त्वपूर्ण मितिमध्ये एक हो ।

विश्लेषक तथा दक्षिण कोरियाली तथा अमेरिकी अधिकारीले यस अवसरमा उत्तर कोरियाले सैनिक परेड तथा आणविक हतियार परीक्षणसमेत गर्ने व्यापक अनुमान गरेका थिए ।

शुक्रवार भएको उक्त उत्सवमा नागरिक परेड, सामूहिक नृत्य र आतिशबाजीबाहेक सैन्य गतिविधि नगरिंदा उनीहरूको अनुमान तथा प्रक्षेपण गलत साबित बन्न पुग्यो ।

राज्य सञ्चालित कोरियाली सेन्ट्रल न्यूज एजेन्सी (केसिएनए)द्वारा जारी गरिएको फोटोमा किम जोङ उनले एउटा बाल्कनीबाट हेरेको र राजधानीको किम इल सुङ स्क्वायरलगायतका क्षेत्रमा हजारौं रङ्गीबिरङ्गी पहिरन लगाएका मानिस देखिएका थिए ।

केसिएनएले भनेको छ, "उत्तर कोरियाली संस्थापक नेता किम इल सुङको जन्मदिवसमा नागरिकले समाजवादी नारा लेखिएका ब्यानर र झन्डा तथा देशको विशाल राष्ट्रिय झन्डा बोकेर मजदूर, किसान र नर्तकी तथा अन्य व्यक्तिको लश्कर किम इल सुङ स्क्वायरबाट अघि बढेको थिया ।"

किम परिवारका तीन पुस्ताले सन् १९४८ देखि उत्तर कोरियाको नेतृत्व गरिरहेका छन् ।

नेता किमले उक्त दिन किम इल सुङ र उनका छोरा तथा उत्तराधिकारी किम जोङ इलको मृत शरीर राखिएको स्थान 'कुमसुसान प्यालेस अफ द सन'को भ्रमण गरी उनीहरूप्रति श्रद्धा प्रकट गरेको पनि केसिएनएले जनाएको छ ।

**सुधार र विकास देखाउने किमको नीति**

त्यसअघि नयाँ अपार्टमेन्ट परिसर खोल्ने, हल्का समारोह र पुष्प श्रद्धासहित राज्य सञ्चारमाध्यममा उत्सवको निरन्तर प्रसारण भइरहेको सियोलको 'इवा वुमन्स युनिभर्सिटी'का अन्तर्राष्ट्रिय अध्ययनका सहयोगी प्राध्यापक लिफ–एरिक इस्लीले बताए ।



उत्तर कोरियाली नेता किम जोङ उन । तस्वीरः फाइल

उनले भने, "किम शासनलाई सैन्य परेडभन्दा राष्ट्रिय गौरव र वैधताका स्रोतको आवश्यकता पर्दछ । त्यस कारण संस्थापकको जन्मदिनको अवसरमा मनाइने जनउत्सवले एउटा यस्तो अर्थतन्त्रलाई चित्रण गर्ने कोशिश गरियो, जसले एकदमै कमजोर अर्थतन्त्र र सैनिक शासन नभई उत्तर कोरियामा शान्ति र आर्थिक सुधारले गति पाएको झलक दियो ।"

यो वार्षिकोत्सव उत्तर कोरियाले अहिलेसम्मकै सबैभन्दा ठूलो अन्तरमहाद्वीपीय ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण गरेको तीन हप्तापछि भएको हो । यो सन् २०१७ देखि किमको सबैभन्दा शक्तिशाली हतियारलाई पूर्ण क्षमतामा पहिलोपटक प्रहार गरिएको थियो ।

उक्त परीक्षण यस वर्ष प्रतिबन्ध तोड्ने प्रक्षेपणको रेकर्ड तोड्ने कदम थियो । यसले लामो समयसम्म र आणविक परीक्षणमा स्वघोषित प्रतिबन्धको अन्त्य गरेको सङ्केत दिएको थियो ।

समारोहमा सैन्य गतिविधिको अभ्यास नहुँदैमा उत्तर कोरिया सैन्य हतियार निर्माणबाट पछि हटेको प्रतिनिधित्व नगर्ने इस्लीले बताए ।

भूउपग्रहको तस्बिरले पुङगी–री आणविक परीक्षण स्थलको सुरुङमा नयाँ गतिविधि हुने सङ्केत देखाएको छ । किम र तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबीच सन् २०१८ मा शिखर वार्ताअघि नै उक्त स्थल ध्वस्त भएको उत्तर कोरियाले जनाएको थियो । दक्षिण कोरियाली अधिकारीले प्योङयाङले अझै पनि सैन्य परेड गर्न वा अप्रिल २५ तारिख वा त्यसको आसपासमा हतियार परीक्षण गर्न सक्ने बताएका छन् । उत्तर कोरियाले अप्रिल २५ लाई कोरियाली जनसेनाको स्थापनाको वार्षिकोत्सवका रूपमा मनाउने गर्छ । रासस

## कूटनीतिज्ञलाई निष्कासन गरेकामा निन्दा

ब्रसेल्स, ३ वैशाख/एएनआई

युरोपेली सङ्घले शुक्रवार मस्कोमा रहेको कूटनीतिक नियोगबाट आफ्ना कूटनीतिज्ञलाई निष्कासन गरेको कदमलाई विशुद्ध प्रतिशोधात्मक कदम भन्दै निन्दा गरेको छ ।

युरोपेली सङ्घले रूसी सङ्घबाट युरोपेली सङ्घको प्रतिनिधिमण्डलका १८ जना सदस्यलाई निष्कासन गर्ने रूसी सङ्घको अनुचित र आधारहीन निर्णयको निन्दा गरेको छ ।

इयू कूटनीतिज्ञले कूटनीतिक सम्बन्धमा भियना कन्भेन्सनको ढाँचामा र पूर्ण सम्मानमा आफ्नो कार्य अभ्यास गर्छन् । रूसी अधिकारीको शुक्रवारको निर्णयलाई शुद्ध प्रतिशोधात्मक कदमभन्दा बाहिरको कुनै आधार छैन, युरोपेली बाह्य कार्य सेवाले एक विज्ञप्तिमा भन्यो । विभिन्न इयू देशबाट सयौं रूसी कूटनीतिज्ञलाई निष्कासन गरिएपछि विशेषगरी सर्वसाधारणको हत्यापछि यो घटना विकास भएको हो । रूसी कूटनीतिज्ञलाई निष्कासन गर्ने देशमा फ्रान्स, जर्मनी, इटाली, स्पेन, डेनमार्क, ग्रीस र नर्वे पर्छन् । गत फेब्रुअरीमा रूसले युक्रेनका डोनेस्क र लुहान्स्कलाई स्वतन्त्र गणतन्त्रको रूपमा मान्यता दिएपछि युक्रेनमा आक्रमण शुरू भएको हो ।रासस

## जेरुसेलममा शान्त रहन आह्वान

न्यूयोर्क, ३ वैशाख/एएनआई/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घका महासचिव




एन्टोनियो गुटेरेसले शुक्रवार जेरुसेलमको बिग्रँदै गएको सुरक्षा अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गर्दै तनावलाई कम गर्न प्रयास गर्न आह्वान गरेको उनका प्रवक्ताले जानकारी दिएका छन् ।

जेरुसेलमको अल–अक्सा मस्जिद परिसरमा शुक्रवार प्यालेस्टाइनीको इजरायली प्रहरी बलसँग झडप हुँदा १०० जनाभन्दा बढी व्यक्ति घाइते भएका छन् ।

यसैबीच, मध्यपूर्व शान्ति प्रक्रियाका लागि संयुक्त राष्ट्रसङ्घका विशेष संयोजक टोर वेनेस्ल्यान्डले स्थिति शान्त पार्न प्रमुख क्षेत्रीय साझेदार र पक्षसँग नजीकको सम्पर्क कायम राखेका छन् ।

गुटेरेसले संयुक्त राष्ट्रसङ्घका सान्दर्भिक प्रस्ताव, अन्तर्राष्ट्रिय कानून र द्विपक्षीय सम्झौताको आधारमा द्वन्द्व समाधान गर्न प्यालेस्टिनी र इजरायलीलाई समर्थन गर्ने आफ्नो प्रतिबद्धता दोहोऱ्याएको विज्ञप्तिमा जनाइएको छ । रासस

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### आजको राशिफल

| | |
|---|---|
| मेष – यात्रालाभ | वृष – कडापरिश्रम |
| मिथुन – सुसमाचार | कर्कट – भयचिन्ता |
| सिंह – विजय | कन्या – धनलाभ |
| तुला – भाग्योदय | वृश्चिक – बेचैनी |
| धनु – मनोरञ्जन | मकर – कर्मप्राप्ति |
| कुम्भ – राज्यलाभ | मीन – वादविवाद |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया



चनाबालीलाई भित्र्याउन बतास लगाउँदै निजगढ नगरपालिका–१२ रामथलीका स्थानीय । सिंचाइ सुविधा नहुँदा यहाँका जमीनबाट सोचे जस्तो उत्पादन पाउन सकिएको छैन । तस्वीर : जीतलाल श्रेष्ठ

## गठबन्धनको टुङ्गो भोलिसम्म –अध्यक्ष दाहाल

चितवन, ३ वैशाख/रासस

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सत्ता साझेदार दलका बीचमा निर्वाचनमा गठबन्धनको टुङ्गो भोलिसम्ममा लागिसक्ने बताएका छन् ।



भरतपुर विमानस्थलमा शनिवार बिहान पत्रकारसँग कुराकानी गर्दै उनले आजै साँझसम्ममा खाका तयार हुने बताए । उनले भने, "आज बेलुकासम्म सिफारिश गर्ने भनिएको छ, हामी सम्भवतः भोलिसम्ममा एउटा टुङ्गोमा पुग्छौं ।" निर्वाचनका समयमा एउटै पार्टीभित्रसमेत विवाद, बहस हुने जनाउँदै उनले दलका बीचमा सहमतिमा आउन समय लाग्नु स्वाभाविक रहेको बताए । पत्रकारको प्रश्नमा उनले भरतपुर महानगरका विषयमा छलफल भइरहेको जानकारी दिए ।

उनले भने, "केही समस्या हुँदैन, सबै टुङ्गिन्छ, आरामसँग टुङ्गिन्छ ।" स्थानीय तहको निर्वाचनका लागि उम्मेदवारी सम्बन्धमा गठबन्धनभित्र सकारात्मक छलफल भइरहेको उनको भनाइ थियो ।

## बौद्धमा दिवङ्गत पितृका नाममा बत्ती बालेका भक्त लागे बालाजु

काठमाडौं, ३ वैशाख/रासस

दिवङ्गत पितृको मुक्तिको कामना गर्दै बौद्ध चैत्य (स्तूप) परिसरमा शुक्रवार रातभर बत्ती बालेका बौद्ध धर्मावलम्बी तामाङ समुदाय आज बिहानैदेखि बालाजु २२ धारा लागेका छन् ।

चैत्र शुक्ल चतुर्दशीका दिन बौद्धमा आई पूजा गरेर दिवङ्गत पितृका नाममा बत्ती बाल्ने, पूर्णिमाका दिन बिहान बालाजु २२ धारामा गएर स्नान गरी नागार्जुनको जामाचो र स्वयम्भूमा दर्शन गर्न जाने विधि प्राचीनकालदेखि चल्दै आएको छ ।

काठमाडौं उपत्यकामा पानीको दह भएका बेला डाँडाडाँडामा रहेका बस्तीमैं यस दिन दिवङ्गत पितृलाई सम्झने विधि प्रचलनमा रहे पनि तेमालका अन्तिम तामाङ राजा रिन्छिन दोर्जेको कालदेखि यो पर्वलाई राष्ट्रिय मान्यता दिई बौद्धमा आएर मेला लाग्ने परम्परा बसेको बौद्धनाथ क्षेत्र विकास समितिका अध्यक्ष

(बाँकी अन्तिम पातामा)



### निर्वाचनमा बालअधिकार....

निर्वाचन प्रचारप्रसारका क्रममा बालबालिका र विद्यालयलाई प्रयोग गर्न नहुनेजस्ता प्रावधानको पालना हुनुपर्ने आवश्यकता औंल्याइन् ।

राष्ट्रिय बालअधिकार परिषद्का कार्यकारी निर्देशक मिलन धरेल र राष्ट्रिय किशोरी सञ्जालका संयोजक ललिता पाखिनले बालबालिकालाई दलहरूले चुनावी प्रचारका क्रममा दुरुपयोग गर्न नहुने तर बालबालिकाका सवाललाई निर्वाचनका समयमा महत्त्व दिइनुपर्ने बताए । बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानका अध्यक्ष राजेश शर्माले स्थानीय तहको निर्वाचनमा दलहरूले जारी गर्ने घोषणापत्रमा बालबालिकाका विषयलाई प्राथमिकता दिन आग्रह गरे ।

### गीत, सङ्गीतमार्फत स्थानीय......

प्रमुख राजनीतिक दलसम्बद्ध सांस्कृतिक सङ्गठन र मोर्चाहरूले पनि गीत–सङ्गीतका माध्यमबाट स्थानीय निर्वाचनको पक्षमा वातावरण बनाएका छन् ।

सत्तारूढ नेपाली काङ्ग्रेसले उत्कृष्ट चुनावी गीतको श्रव्य दृश्य सामग्री बनाउनेलाई रु दुई लाख ७५ हजार बराबरको पुरस्कार दिने घोषणा गरेको छ । काङ्ग्रेसको स्थानीय निर्वाचन केन्द्रीय प्रचारप्रसार समिति अन्तर्गतको सांस्कृतिक समन्वय उपसमितिले काङ्ग्रेसको पक्षमा उत्कृष्ट गीत–सङ्गीत तयार पार्नेलाई पुरस्कारको घोषणा गरेको हो । उपसमितिका संयोजक डिबी गुरुङका अनुसार चुनावी प्रचारलाई प्रभावकारी बनाउने उद्देश्यका साथ यस्तो प्रस्ताव अगाडि सारिएको हो ।

नेकपा (एमाले)ले पनि निर्वाचन केन्द्रित टिकटक बनाउनेलाई पुरस्कृत गर्ने घोषणा यसअघि नै गरिसकेको छ । सत्तारूढ नेकपा (माओवादी केन्द्र)का तर्फबाट पनि चुनाव केन्द्रित श्रव्य दृश्य सामग्री सार्वजनिक गरिएको छ । गीत–सङ्गीतबाट धेरैको मन जित्न सकिने भएकाले नयाँ–नयाँ सिर्जना गरिएको माओवादीसम्बद्ध कलाकारको मत छ । लोकलयमा निर्वाचन केन्द्रित गीत सार्वजनिक गरिएको गायक चेतन गोतामेको भनाइ छ । कलाकार चेतन सापकोटाले पनि स्थानीय तहको निर्वाचन केन्द्रित गीत–सङ्गीत सार्वजनिक गरेका छन् ।

गोतामेले स्थानीय निर्वाचनमा किन मतदान गर्ने भन्ने प्रश्नको उत्तर खोज्न मतदातालाई आग्रह गर्दै श्रव्य दृश्य सामग्री सार्वजनिक गरेको छ । यस्तै, अर्का कलाकार नवीन खड्का र टीका पुनले पनि निर्वाचन केन्द्रित श्रव्य दृश्य सामग्री सार्वजनिक गरेका छन् । निर्वाचनलाई केन्द्रमा राखेर गायक खड्का र सूर्यकुमारी पुनले पनि गीत सार्वजनिक गरेका छन् । माओवादीसम्बद्ध कलाकर्मीका तर्फबाट एक दर्जन बढी गीत–सङ्गीत निर्वाचनलाई नै केन्द्रमा राखेर सार्वजनिक गरिएको छ ।

नेकपा (एमाले) सम्बद्ध कलाकारले पनि निर्वाचन केन्द्रित गीत–सङ्गीतको प्रयोग गरेका छन् । नवराज वली, कोमल वली, गोविन्द मधुर आचार्यलगायतले निर्वाचन सफल बनाउन सबै मतदाता लाग्नुपर्नेमा जोड दिंदै श्रव्य दृश्य सामग्री सार्वजनिक गरेका छन् । माधव पण्डितको शब्दमा दिनेश श्रेष्ठ, भगवान कार्की, सुमित्रा भट्टराईलगायतले पनि चुनावी गीत सार्वजनिक गरेका छन् ।

नेपाली काङ्ग्रेसको सांस्कृतिक सङ्घमा आबद्ध कलाकारले स्थानीय निर्वाचन केन्द्रित गीत–सङ्गीत सार्वजनिक गरेका छन् । लोकप्रिय गायक विमलराज क्षेत्री र प्रीति आलेलगायतले 'रानी फूलैमा' बोलको श्रव्य दृश्य सामग्रीमार्फत निर्वाचनको प्रचारप्रसार गरेका छन् ।

यसैगरी, किरण भुजेल, अलिफ खान, सुयोग सापकोटालगायतले पनि निर्वाचन केन्द्रित गीत सार्वजनिक गरेका छन् । राधिका हमाल र सुजन बराइलीको जोड पनि स्थानीय निर्वाचन सफल बनाउनेमा केन्द्रित छ ।

'हामी आफैं बनाउँछौं, राम्रो हाम्रो देश' बोलको गीत–सङ्गीतमार्फत नेकपा (एकीकृत समाजवादी)ले पनि स्थानीय निर्वाचन केन्द्रित श्रव्य दृश्य सामग्री प्रकाशित गरेको छ । अन्य राजनीतिक दल आबद्ध कलाकारले पनि आआफ्नै शैलीमा प्रचारप्रसार सामग्री तयार पारेका छन् ।

निर्वाचन आयोगले गीत–सङ्गीत, नाटक एवं कलाका विभिन्न स्वरूप प्रयोग गरेर निर्वाचनको वातावरण बनाउन पाउने व्यवस्था गरेको भएपनि कोही कसैप्रति आक्षेप लगाउन भने नपाउने प्रबन्ध गरेको छ । स्थानीय तह निर्वाचन आचारसंहिता २०७८ ले 'कसैको चरित्र हत्या हुने, व्यक्तिगत लाञ्छना लगाउने, मानहानि हुने वा यस्तै प्रकृतिका सामग्री कुनै स्वरूपमा उत्पादन गर्न तथा त्यस्ता सामग्री कुनै माध्यमबाट प्रकाशन वा प्रसारण गर्न/नगराउन नहुने' व्यवस्था गरेको छ ।

त्यस्तै, 'स्थानीय तहका सदस्यको निर्वाचनमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफएम रेडियोका माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा एक पटकमा एक मिनेटभन्दा बढी नहुने गरी २४ घण्टामा बढीमा दुईपटक मात्रै प्रसारण गराउन सक्ने' व्यवस्था आचारसंहितामा गरिएको छ ।

कसैको पक्ष वा विपक्षमा एसएमएस, फेसबूक, मेसेन्जर, ट्वीटर, भाइबर, युट्युब, इन्स्टाग्रामजस्ता विद्युतीय माध्यमबाट प्रयोग गरी कुनै सामग्री प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न तथा त्यस्ता सामग्री सामाजिक सञ्जालमा शेयर, लाइक, कमेन्ट वा प्रतिकमेन्ट गर्न नहुने प्रावधान सञ्चारमाध्यमका हकमा समेत आकर्षित हुनेगरी आचारसंहितामा समेटिएको छ ।

राजनीतिक दल वा उम्मेदवारले निर्वाचन चिह्नअङ्कित ज्याकेट, कमिज, भेस्ट, टिसर्ट, टोपी वा क्याप, मास्क, लकेट वा अन्य कुनै किमिसको पहिरन वा स्टीकर, लोगो, झोला, ब्याच, ट्याटुजस्ता साङ्केतिक सामग्री उत्पादन गर्न नपाउने व्यवस्था गरेको छ ।



पर्सा जिल्लाको गम्हरिया टोल-६ का शम्भुप्रसाद कुशवाहा घिरौला (तरकारी) उब्जाउनका लागि धागो र बासको टाँटको व्यवस्थापन गर्दै । आजै बिहान कुशवाहाले किलोको ५० देखि ६० रुपैयाँमा घिरौला बिक्री गरेका छन् भने व्यापारीहरुले खुद्रा मूल्यमा ८० देखि १०० रुपैयाँमा बिक्री गरेको बताए । तस्वीरः पङ्कज श्रेष्ठ

बौद्धमा दिवङ्गत......

राजकुमार लामा बताउँछन् ।

प्रत्येक वर्ष चैत्र शुक्ल चतुर्दशीका दिन स्तूपमा आई दिवङ्गत पितृको सम्झनामा बत्ती बालेमा पितृले मुक्ति पाई कर्ताको जीवनमा पनि सुख, शान्ति मिल्ने धार्मिक विश्वास रहेको छ । यो विधि पूरा गरेमा दिवङ्गत पितृको दुर्गति नहुने र पुनर्जन्म सुखवती भुवनमा हुने भनी बौद्ध धर्मग्रन्थमा व्याख्या गरिएको तेमाल जात्रा व्यवस्थापन समितिका संयोजकसमेत रहेका लामाले जानकारी दिए । जात्राका अवसरमा बौद्ध क्षेत्रमा तामाङ सेलो र तामाङ संस्कृति झल्कने भेषभूषा एवं न्यालीसमेत प्रदर्शन गरिएको थियो । शुक्रवारदेखि शुरू भएको बौद्धको तेमाल जात्रा आज बालाजु २२ धारा, जामाचो र स्वयम्भू पुगेर स्नान, पूजा आराधना एवं दर्शन गरेपछि सम्पन्न हुन्छ ।

रातभर मेलामा सहभागी हुने जात्रालुका लागि स्तूप परिसरमा पाल टाँगेर बस्ने व्यवस्था गरिएको थियो । जात्रामा विशेषगरी काभ्रेपलाञ्चोक, सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, धादिङ, काठमाडौं र मकवानपुरलगायत जिल्लाका तामाङ समुदायको सहभागिता छ । जात्राका अवसरमा शुक्रवार बौद्ध घ्याङ गुठीले स्तूपा र अजिमाथानमा विशेष पूजा गरेको जनाइएको छ ।


**स्वदेशी उत्पादन, उद्योगी र व्यवसायलाई प्रवर्द्धन गरौं ।**

- स्वदेशी उत्पादनको प्रयोगमा जोड दिऔं,
- स्वदेशी उद्योग व्यवसायलाई प्रोत्साहन र प्रवर्द्धन गरौं,
- रोजगारको सिर्जना हुने खालका उद्योग, व्यवसाय खोलौं,
- युवा जनशक्तिलाई विदेशिनबाट रोकौं,
- विलासिताका वस्तुको प्रयोगमा कमी गरौं,
- फजुल खर्च नगरौं,
- देशको अर्थतन्त्रमा योगदान दिऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**







# सिम्रौनगढमा काङ्ग्रेसको चुनावीसभा

प्रस, सिम्रौनगढ, ३ वैशाख/

नेपाली काङ्ग्रेस बारा क्षेत्र नं १ को आयोजनामा सिम्रौनगढमा चुनावीसभा सम्पन्न भएको छ ।

सो सभामा क्षेत्रीय सभापति एवं नगरप्रमुख विजयशङ्कर यादवले नगरको विकास र समृद्धिको लागि नेपाली काङ्ग्रेसको विजय आवश्यक भएको बताए ।

उनले नगर विकासमा आफ्नो कार्यकालमा बाँकी रहेका योजनाहरू कार्यान्वयनको लागि पनि आगामी चुनावमा नेपाली काङ्ग्रेसको जीत आवश्यक हुने बताए । उनले ११ वटै वडामा चुनावको तयारी भइरहेको र युवा परिचालन, प्रचारसमिति गठन र सचेतना कार्यक्रमहरू भइरहेको जानकारी गराए । मधेस प्रदेश सदस्य उपेन्द्रप्रसाद जयसवालको प्रमुख आतिथ्यमा भएको भेलामा कृष्णप्रसाद जयसवाल, गुड्डु यादव, मोहन कुशवाहा र नगर सभापति नागेन्द्रप्रसाद साह कानूलगायतले मन्तव्य व्यक्त गरेका थिए ।



तस्वीरः प्रतीक

# मधेसको मुद्दा लोसपाले मात्र उठाउँदै छ –प्र.स.स. कुर्मी

प्रस, पोखरिया, ३ वैशाख/

पोखरिया नगरपालिका–८ मा लोकतान्त्रिक समाजवादी पार्टीको चुनावीसभा सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि मधेस प्रदेशसभा सदस्य रमेश कुर्मीले मधेसको मुद्दा लोसपाले मात्र उठाइरहेको दाबी गरे । उनले अन्य मधेसी दल नाम मात्रका भएको र उनीहरूले मधेसको नाममा लुट मचाएको आरोप लगाए ।

चोकट राउत कुर्मीको अध्यक्षतामा भएको सभामा लोसपाका नेताहरू शशीकपूर मियाँ, नेजामुद्दीन समानी, सुरेन्द्र कुर्मी, ओमप्रकाश सर्राफ, शेख फिरोजलगायतले मन्तव्य व्यक्त गरेका थिए ।




तस्वीरः प्रतीक

# निर्धारित मितिमैं निर्वाचन हुन्छ –प्रमुख निर्वाचन आयुक्त थपलिया

जनकपुरधाम, ३ वैशाख/रासस

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्धारित मितिमैं स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन हुने बताएका छन् ।

जनकपुरधाममा शनिवार आयोजित स्थानीय तह निर्वाचन–२०७९ 'मिडिया अभिमुखीकरण' कार्यक्रममा उनले अब निर्वाचनको मिति सार्न सक्ने अवस्था नरहेकाले निर्धारित समयमैं निर्वाचन आयोगले स्वच्छ र निष्पक्ष निर्वाचन गराउने बताएका हुन् ।

प्रमुख निर्वाचन आयुक्त थपलियाले निर्वाचनको मितिलाई तलमाथि वा अन्य तरीकाले सारेमा मुलुकमा दुर्घटना निम्तिन सक्ने उल्लेख गर्दै निर्धारित समय वैशाख ३० गते नै निर्वाचन हुने र निर्वाचनबाट कसैले डराउन नहुने बताए ।

निर्वाचनको क्रम भङ्ग गर्ने अवस्था नरहेको बताउँदै उनले स्थानीय तहको निर्वाचनसँगै यसै वर्ष प्रतिनिधिसभा, प्रदेशसभा, राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनसमेत सम्पन्न हुने दाबी गरे । प्रमुख निर्वाचन आयुक्त थपलियाले निर्वाचनलाई लोकतन्त्रको सबैभन्दा ठूलो गहना भनिने गरेको उल्लेख गर्दै पछिल्लो समय निर्वाचनविपरीत हुने खालको अभिव्यक्ति आइरहनु दुःखद भएको जिकिर गरे । निर्वाचन आचारसंहितालाई सामान्यरूपमा नलिन आग्रह गर्दै यसको उल्लङ्घन गरे कारबाही हुने र केहीसँग स्पष्टीकरणसमेत सोधिसकेको जानकारी दिए ।

### आचारसंहिता उल्लङ्न गरेमा कारबाही गरिन्छ

निर्वाचन आयोगका आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन आचारसंहिता उल्लङ्न गर्नेलाई तोकिएबमोजिमको हदैसम्मको कारबाही हुने बताएका छन् ।

निर्वाचन आयोगले शनिवार हेटौंडामा आयोजना गरेको मिडिया अभिमुखीकरण कार्यक्रममा उनले स्थानीय तहको निर्वाचनको व्यवस्थापन चुस्तदुरुस्त रहेको बताए ।

आयुक्त भण्डारीले निर्वाचनमा खटिएका मुख्य निर्वाचन अधिकृत तथा अधिकृतलाई अभिमुखीकरण दिइसकेको उल्लेख गर्दै निर्वाचन नहुने, निर्वाचन सर्न सक्छ भन्ने भ्रामक समाचारमा भर नपर्न सबैसँग आग्रह गरे । "लोकतन्त्रको सुन्दर पक्ष निर्वाचन रहेकाले कुनै पनि हालतमा निर्वाचन हुन्छ," उनले भने । आयुक्त भण्डारीले आयोगले आचारसंहिता कार्यान्वयनमा ल्याइसकेको छ, यसको उल्लङ्घन गर्ने जोसुकैलाई पनि कानूनको दायरामा ल्याएरै छाड्ने प्रतिबद्धता व्यक्त गरे । उनले नेपाली सञ्चारमाध्यमले स्वतन्त्र र निष्पक्ष भएर समाचार सम्प्रेषण गर्नुपर्ने बताउँदै निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, भव्य र सभ्यरूपमा सम्पन्न गराउनका लागि यहाँका सञ्चारमाध्यमले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए ।



तस्वीरः फाइल

आयोगका उपन्यायाधिवक्ता गुरुप्रसाद वाग्लेले स्थानीय तह निर्वाचनमा विगतमा कारबाही कम भएको देखिए पनि यसपटक यस्तो नहुने भन्दै आचारसंहिता पालना गर्न लगाउन पनि मिडियाले महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने बताए । सञ्चारमाध्यममा आएका समाचारलाई आयोगले सूचनाका रूपमा लिनेसमेत उनको भनाइ छ ।

प्रेस काउन्सिलका सदस्य चिरञ्जीवी मास्केले निर्वाचनको समयमा मिथ्या सूचना, दुष्प्रचार र घृणास्पद अभिव्यक्तिको रोकथाम, फेक समाचार, सूचना कसरी चिन्ने र प्रकाशन/प्रसारणमा रोक लगाउनाका साथै काउन्सिलबाट हुने कारबाहीको विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य सुनील खड्काले निर्वाचनसँग सम्बन्धित समाचार सङ्कलन र रिपोर्टिङका विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

# निर्वाचनमा बालअधिकारका सवाललाई प्राथमिकता दिने प्रतिबद्धता

काठमाडौं, ३ वैशाख/रासस

प्रमुख राजनीतिक दलका नेताहरूले आसन्न स्थानीय तहको निर्वाचनका लागि घोषणापत्रमा बालअधिकार र बालबालिकाका सवाललाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गरेका छन् । बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)ले शनिवार आयोजना गरेको राजनीतिक संवादमा उनीहरूले संविधानको मौलिक हकमा उल्लिखित बालबालिकाको अधिकारको रक्षा र कार्यान्वयनका लागि केन्द्र, प्रदेश र स्थानीय तहका तर्फबाट ठोस कदम चालिने विश्वास दिलाएका हुन् ।

कार्यक्रममा नेकपा (एमाले)का महासचिव शङ्कर पोखरेलले स्थानीय तहको निर्वाचनका लागि लागू भएको आचारसंहितामाथि आफ्नो दलको छ बुँदे फरक मत रहे पनि यसको कार्यान्वयनमा पार्टी प्रतिबद्ध भएको स्पष्ट पारे । उनले बालबालिका र विद्यालयलाई शान्ति क्षेत्र कायम गर्ने सवालमा एमाले सशस्त्र द्वन्द्वकै समयदेखि नै सारथि रहँदै आएको बताए । कुनै मुलुकको भविष्य उज्यालो बनाउन राज्यको ध्यान बालबालिकाका क्षेत्रमा पुग्नुपर्नेमा दुई मत नरहेको र उपलब्ध साधन तथा स्रोतलाई स्थानीय तहसम्म विकेन्द्रीकरणको प्रक्रिया एमालेका तत्कालीन अध्यक्ष मनमोहन अधिकारी प्रधानमन्त्री भएदेखि नै आरम्भ भएको जनाए ।

नेपाली काङ्ग्रेसका सहमहामन्त्री जीवन परियारले आफूहरूले संविधान निर्माणका क्रममा पर्याप्त छलफल र चासो राखेर बालबालिकाका धेरै सवाललाई सम्बोधन गर्दै आएको उल्लेख गर्दै निर्मित नीति र कानून कार्यान्वयनका लागि काङ्ग्रेस पार्टी प्रतिबद्ध भएको उल्लेख गरे । पढ्लेखेकै घरपरिवारमैं बालअधिकारको पालना नभएको बताउँदै उनले निर्वाचन आचारसंहितालाई कडाइका साथ पालना र दुरुपयोग रोक्न पार्टीले संयन्त्र बनाएको जानकारी दिए ।

नेकपा (माओवादी केन्द्र)का नेता शक्तिबहादुर बस्नेतले हालसम्म प्राप्त उपलब्धिको रक्षा गर्दै शिक्षा र बालबालिकाका क्षेत्रमा सुन्दर नारा तय गरेर मात्रै नपुग्ने र व्यावहारिकता पनि हेरिनुपर्नेमा जोड दिए । जनप्रतिनिधिबाट संविधान निर्माण भएकाले संविधान बालमैत्री बन्न सफल भएको जनाउँदै उनले सशस्त्र द्वन्द्वरत पक्षहरूको समेत शान्ति सम्झौताकै कारण संविधानसभाबाट संविधान जारी भएको स्मरण गराए ।

बालअधिकारकर्मी गौरी प्रधानले बालबालिकाको बाँच्न पाउने अधिकार रक्षाका साथै सहजरूपमा जन्म दर्ता, विद्यालय भर्ना र निश्शुल्क शिक्षाको निरन्तरता, खेल, मनोरञ्जन तथा बाल संरक्षणका सवालमा प्राथमिकता दिइनुपर्ने बताए । अधिवक्ता इन्दु तुलाधरले निर्वाचन आचारसंहितामा समाविष्ट

(बाँकी तेस्रो पातामा)